किस्पाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

प्रदेश नं. ३

## रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७६/०९/१६)

यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रोजगार संयोजक(छैटौं तह सरह) **१(एक)** जना करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट) कार्यालय समयमा दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

१. **आवश्यक न्युनतम योग्यता:**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह परीक्षा उत्तीर्ण गरेको,
- उमेरको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

२. **संलग्न गर्नुपर्ने कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि,
- माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि,
- नेपाल सरकारद्धारा संचालित कार्यक्रम वा साविकका स्थानीय निकाय वा हालका स्थानीय तहहरुमा कम्तीमा अधिकृत छैटौं तह सरहको पदमा काम गरेको अनुभवको प्रमाणपत्र प्रतिलिपि र अन्य आवश्यक कागजातहरु ।
- शैक्षिक योग्यता तथा अनुभव प्रमाणपत्रको प्रतिलिपिहरु उम्मेदवार स्वयंले हस्ताक्षर सहित प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. **आवेदन शुल्क:** रु. १०००।–(एक हजार रुपैया मात्र) किस्पाङ गाउँपालिकाको सानिमा बैङ्क,किस्पाङ शाखा,नुवाकोटमा रहेको संचित कोष खाता नं. ०५९.–०१००२००००००१ मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

४. **दरखास्त पेश गर्ने स्थान:** किस्पाङ गाउँपालिकाको कार्यालय, काहुले, नुवाकोट (आवेदन फारम गाउँपालिकाको कार्यालयबाट र गाउँपालिकाको वेवसाइट **http://kispangmun.gov.np/** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।)

५. **आवेदन पेश गर्ने अन्तिम मिति:** २०७६/१०/०१

६. **तलब र सुविधा:** नियमानुसार

७. **छनौट परीक्षा:** नेपाल सरकार मन्त्रीपरिषदबाट पारित रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धि मापदण्ड, २०७६ वमोजिम छनौट परीक्षा संचालन गरिनेछ । छनौट परीक्षाको मिति,समय र स्थान आवेदन दर्ता गर्ने म्याद समाप्त भएको मितिले दश(१०) दिनभित्र उम्मेदवारहरुको प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशित गर्ने समयमा जानकारी गराईनेछ ।

८. **सुचनामा उल्लेख भए बाहेक अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुवधिा सम्बन्धि मापदण्ड, २०७६ र पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**

थप जानकारीको लागि: वेवसाइट **http://kispangmun.gov.np/** फोन नं.०१०–६८१२१७, ईमेल: **kispangrm@gmail.com**

२०७६/९/१६

(खुम बहादुर घर्ती)

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner